आज मिति २०७६ साल बैशाख १० गते यस माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

**प्रस्तावहरु :-**

**(१) विपद व्यवस्थापन स्वंय सेवक सम्बन्धमा ।**

**(२) ग्रामिण सामुदायिक संचार केन्द्रको प्रस्तावना सम्बन्धमा ।**

**(३) पोखरी निर्माण छनोट सम्बन्धमा**

**(४) चि-स्यान केन्द्र र बहुउद्देश्यीय हल निर्माण सम्बन्धमा ।**

**(५) घरभाडा संझौता थप गर्ने सम्बन्धमा ।**

**(६) व्यापारी तथा उद्योग वाणिज्य संघ संग अन्तक्रिया सम्बन्धमा ।**

**निर्णयहरु :-**

निर्णय नं.१ : प्रस्ताव नं.१ माथि छलफल गर्दा विपद व्यवस्थापन स्वंय सेवक निर्माणका लागी प्रत्येक वडाबाट ५/५ जना स्वंय सेवक छनोट गरी विपद व्यवस्थापन सम्बन्धी तालिम दिने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा ग्रामिण सामुदायिक संचार केन्द्रद्धारा संचालित रेडियो माण्डवी ९७.० मेगा हर्ज मल्लरानी गाउँपालिका, प्यूठानको सूचना तथा संचार प्रकाशन गर्ने सम्बन्धी प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा डिभिजन वन कार्यालय प्यूठानको पत्रानुसार तपशिल अनुसारको पोखरी निर्माण गर्न छनोट गर्न निर्णय गरियो ।

तपशिल :-

१. भेडावारी अल्डाडा पोखरी निर्माण वडा नं. ४

२. धनचौर तल्लो दलित बस्तीको पोखरी निर्माण - वडा नं.२

३.मारसीवाङ्ग पिपलबोट पोखरी निर्माण - वडा नं. ३

४.तिमिले अधुरो पक्की पोखरी निर्माण- वडा नं.१

निर्णय नं. ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा ५ नं प्रदेश सरकारको कार्यक्रम अन्तर्गत चिस्यान केन्द्र र बहुउद्देश्य हल निर्माण कार्यक्रम उपभोक्ता समिति मार्फत निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं.५. माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको कार्यालयको भाडामा लिएका घरहरुको सम्झौता मिति २०७५/१०/०१ गतेदेखि २०७६ बैशाख मसान्त सम्म थप गरि निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ६. प्रस्ताव नं.६. माथि छलफल गर्दा यस माण्डवी गाउँपालिका अन्तर्गतका व्यापारी तथा उद्योगीहरुसंग राजश्व,करका सम्बन्धी छलफल गर्नका लागी एक दिने अन्तक्रिया कार्यक्रम संचालन गर्ने निर्णय गरियो । साथै सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुसंग र डिभिजन वन कार्यालयसंग पनि एक दिने अन्तरक्रिया कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रमाणित गर्ने**